# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु
(५ नं. प्रदेश, नेपाल)

फोन ०७६–५६०३०५/५६०२०१
फ्याक्स ०७६–५६००१९

प्रथम पटक प्रकाशितमिति २०७७/०३/१६

सुचना । सुचना ॥ सुचना ॥।

कपिलबस्तु नगरपालिका वडा नं.९ हाट बजारमा साप्ताहिक रुपमा १ पटक (आईतवार) लाग्दै आएको हाट बजार बैठकी शुल्क २०७८ साल अषाढ मसान्तको लागी ठेक्कामा दिनु पर्ने भएको हुदा तपसीलको शर्तको अधिनमा रही बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशि गरिएको छ ।

तसिलल

१) मिति २०७७/०३/३० गते कार्यालय समय भित्र रु.१०००/ (एक हजार) तिरी पछि फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२) बोलपत्र खरिद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनु पर्नेछ ।

३) खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०७७/०३/३१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्रमा बाधा हुने छैन

४) सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखामा रहेको धरौटी खाता नम्बर **३११००३०३००००००२ धरौटीमा** जम्मा गरेको प्रमाण वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको १२० दिनको अवधी भएको बोल कबोल जमानी पत्र पेश गर्नु पर्नेछ ।

५) हाट बजारको बैठकी शुल्क उठाउने कार्यको न्युनतम बार्षिक ठेक्का अंक १,३४,१००/(एक लाख चौतिस हजार एक सय) मु.अ.कर बाहेक कायम गरिएको छ

६) ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

७) बोलपत्र स्वीकृत भए पछि त्यस्तो बोलपत्र दाता बाट स्वीकृत ठेक्का अंकको कुल रकम तथा सोको १३ प्रतिशतले हुने मु.अ.कर र १.५ प्रतिशतले हुने अग्रिम आयकर जम्मा गरे पछि ठेक्का सम्बन्भि शर्तहरुको अधिनमा रहि सम्बन्धित ठेकेदार संग कबुलियत गराई पट्टा उपलव्ध गराइने छ ।

८) ठेक्का संझौता भए पश्चात कवोल गर्ने व्यक्ति तथा संस्थाले नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्ने छ ।

९) कबोल अंक किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौताको बखतमा ३३ % ले हुन आउने रकम र बांकी रकमका लागि मान्यता प्राप्त वित्तीय संस्था बाट २०७८ अषाढ मसान्त सम्मको लागी जारी गरेको कार्य सम्पादन जमानी पत्र पेश गर्नु पर्ने छ । दोस्रो किस्ताको ३३% ले हुन आउने रकम पहिलो किस्ता बुझाएको मितिले ५ महिना भित्र र बाकी तेस्रो किस्ताको ३४ % ले हुन आउने रकम दोस्रो किस्ता बुझाएको ३ महिना भित्र बुझाउनु पर्ने छ ।

१०) बन्द, हडताल, वा अन्य कुनै कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन र कुनै पनि किसिमको छुट दिन बाध्य हुने छैन ।

११) हाट बजारको सरसफाई, सामान्य मर्मत सुधार ठेकेदारले स्वयं आफैले गराउनु पर्नेछ ।

१२) हाट बजार ठेक्का सम्बन्धमा कुनै बाद बिवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१३) हाट बजारको सूरक्षा सम्रक्षण रेखदेख ठेकेदारले सवयं गर्नु पर्नेछ ।

१४) हाट बजारको सेवा शुल्क उठाउन कपिलबस्तु नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दर रेटको अनुसार नै १३% ले मु.अ.कर थप गरी संकलन गर्नु पर्ने छ र दररेटको साईन बोर्ड लेखाई ठेक्का स्थलमा ठेकेदारले स्वयं राख्नु पर्नेछ ।

१५) ठेकेदारले सम्झौताको सम्बन्धमा ठेक अनुसारको सम्पुर्ण रकम एक मुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत छुट दिन सकिने छ ।

१६) हाट बजारको सेवा शुल्क उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिद कपिलबस्तु नगरपालिका कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१७) कपिलवस्तु नगरपालिका संग भएको सम्झौता र निर्देशनको पालना नगरेमा वा यस नगरपालिका कार्यालयबाट स्वीकृत भएको यसै साथ संलग्न दररेट भन्दा बढी शुल्क असुल गरेको पाईएमा कार्यालयको ठेक्का तोडी कानुन बमोजिम कारवाही समेत गरी अर्को व्यवस्था समेत गर्ने छ । अर्को व्यवस्था गर्दा ठेकेदारले कुनै किसीमको उजुर बाजुर गर्न पाउने छैन । यसरी अर्को व्यवस्था गर्दा कार्यालयलाई हुन जाने ठेक्काको नपुग रकम ठेकेदारबाट असुल उपर गरीने छ ।

१८) माथी उललेखीत सम्पूर्ण शर्तहरु सोही अनुसार हुनेछ र माथी छुट भएमा शर्तहरुको धरौटी रकमबाट असुल उपर गरीने छ । सो रकमबाट नपुग भएमा जेथा जमानीबाट असुल उपर गरीने छ ।

तपसील

| क.सं | विवरण | ठेक्का अवधी | न्युनतम अंक(मु.अ.कर बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिती | बोलपत्र दाखीला गर्ने अन्तिम मिती र समय | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| राजश्व ठेक्का नं.८/२०७६/२०७७ | हाटबजार सेवा शुल्क प्रत्येक हप्ताको आईतवार वडा नं.९ | २०७८ साल अषाढ मसान्त सम्म | १,३४,१००/ (एक लाख चौतिस हजार एक सय) | २०७७/०३/३० कार्यालय समय भित्र | २०७७/०३/३१ दिनको १२ बजे सम्म | १०००/ |

तौलिहवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
५ नं. प्रदेश
२०७३

नि. प्रमुख प्रशासकिय अधिकृत